ISSN: 2961-1989
Academia Research Journal
Volume: 4 Issue: 1, Year 2025
*******************************

# औपन्यासिकतामा *मुसाको बस्ती*
# The Novelistic Nature in *Musako Basti*

**ओमप्रकाश आचार्य**[1]
**Om Prakash Acharya**[1]

DOI: https://doi.org/10.3126/academia.v4i1.73367

[1] Corresponding Author: Assistant Professor, Nepali, Tribhuvan University, Email: omacharya3851@gmail.com

Article History: Received: Aug. 19, 2024 Revised: Nov. 10 2024 Received: Dec. 10, 2024

**लेखसार**

*मुसाको बस्ती* कपिल लामिछानेद्वारा लिखित बालउपन्यास हो । साहित्यको गद्य आख्यानात्मक बृहत आयामयुक्त विधा उपन्यास हो । पूर्वीय र पाश्चात्य साहित्यमा चर्चित , प्रतिष्ठित र प्रभावमय यो विधा नेपाली साहित्यमा पनि लोकप्रिय छ । बहुक्षेत्रीय कथावस्तु , व्यापक परिवेश , बहुआयामिक पात्रपात्रा , विविध भाषाशैली , यथेष्ट सन्देश उपन्यासले बोकेको हुन्छ । उपन्यासभित्र पनि बालउपन्यास अझ रुचिको क्षेत्र हो । बालबालिकाका लागि बालमनोविज्ञान , बालरुचि र बालस्तरमा आधारित उपन्यास बालउपन्यास हुन् । उपन्यासका औपन्यासिक आधार हुनेगर्दछन् । कथावस्तु , पात्र, प्रयुक्त भाषाशैली , प्रवाहित सन्देश उपन्यासका मूल औपन्यासिक आधार हुन् । मुसाको बस्ती बालउपन्यासमा के कस्तो कथावस्तु रहेको छ ? यसका पात्रपात्राको चारित्रिक अवस्था कस्तो छ ? यसमा प्रयुक्त भाषाशैली बालमनोवैज्ञानिकता अनुकुल छ कि छैन ? यस उपन्यासले कस्तो सन्देश प्रवाहित गर्न खोजेको छ ? मुसाको बस्ती बालउपन्यास बालरुचिपूर्ण छ कि छैन ? भन्ने जिज्ञासा एवम् अध्ययनका लागि उब्जेका प्रश्नात्मक समस्याहरुमा कन्द्रित हुँदै मुसाको बस्ती बालउपन्यासको औपन्यासिकताको खाजी गर्नु र बालउपन्यास लेखनका आधारहरु सुझाउनु यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ । पुस्तकालयीय विधिको प्रयोग गरिएको यस अध्ययनमा प्राप्त तथ्याङकलाई वर्णनात्मक र विश्लेषणात्मक आधारबाट व्याख्या विश्लेषण गरिएको छ भने यो लेख औपन्यासिक आधारमा मुसाको बस्ती बालउपन्यासमा मात्र सीमित रहेको छ । बालउपन्यासको सैद्धान्तिक आधार र लेखन अवस्थाको अध्ययनले उपन्यासको विश्लेषण एवम् उपन्यास लेखनमा अवलम्बन गरिनुपर्ने आधारका सम्बन्धमा स्पष्ट पारिएकाले यो लेख महत्वपूर्ण छ । मुसाको बस्ती सामाजिक विषयवस्तुमा आधारित बालउपन्यास हो । सात अध्यायमा विभक्त यो उपन्यास मुसाको खलकमा आधारित छ । प्रवाहमय शैली अपनाइएको यस उपन्यासमा मिश्रित भाषाको प्रयोग गरिएको छ । समाज सबैको हो , समाजमा मिलेर बस्नुपर्छ , राम्रो कुरालाई सबैले स्वीकार्नु पर्छ , आडम्बर र हठले पश्चाताप ल्याउँछ , आडो मान त पुडो मान आफू मान त अरु मान को स्थिति हुन्छ । बदलिदो परिस्थिति अनुरुप साझा अठोट र सुरक्षित परिवेश , सम्पन्न र समृद्ध सोचको विकाससँगै बस्ती निर्माण र बस्तीको विकास हुन्छ । व्यक्तिगत स्वार्थ भन्दा सामूहिक सिद्धीमा लाग्नु पर्दछ भन्ने गहकिलो सन्देश यस उपन्यासले प्रवाह गरेको छ । उपन्यास औपन्यासिकताले भरिपूर्ण बनाउन खोजिएको छ तर भाषाको प्रयोग आयातीत छ , प्रवाहमय शैली बालमनोवैज्ञानिकताका लागि दुर्बोध्य छ । नेपाली भाषाका उपन्यासमा नेपाली भाषा नै प्राथमिकतामा रहँदा बालमनोवैज्ञानिकतामा नपाली भाषी संस्कार विकास हुने कुरातर्फ ध्यान दिनु पर्दछ । उपन्यासको प्रस्तुति सरल भए बालबोध्य र सन्देश ग्रहणयोग्य हुने विश्वास गरिन्छ ।

**मुख्य शब्दावली** : बालउपन्यास , कथावस्तु , पात्रपात्रा , भाषाशैली , उद्देश्य , बालरुचि ।

## Abstract

*Musako Basti* is a children's novel authored by Kapil Lamichhane. The novel, a significant genre of prose narrative in literature, possesses vast dimensions. Renowned and impactful in both Eastern and Western literary traditions, this genre enjoys popularity in Nepali literature as well. Novels encapsulate multifaceted storylines, broad settings, multidimensional characters, diverse linguistic styles, and substantial messages. Within this genre, children's novels occupy a distinctive niche, specifically designed to cater to children's psychology, interests, and developmental levels. These novels adhere to the fundamental principles of novel writing, which include storyline, characters, linguistic style, and the conveyed message. This article aims to examine the novelistic qualities of *Musako Basti* as a children's novel. It delves into questions such as: What is the storyline of this novel? What are the characteristics of its protagonists? Is the linguistic style employed suitable for children's psychological understanding? What messages does the novel seek to impart? And, does *Musako Basti* effectively cater to the interests of children? By focusing on these questions, this analytical article seeks to uncover the novelistic attributes of *Musako Basti* and provide recommendations for children's novel writing. The study employs a library-based method, utilizing descriptive and analytical frameworks to interpret and analyze the findings. This article remains limited to the novelistic exploration of *Musako Basti*. By examining the theoretical foundation of children's novels and their compositional aspects, this study clarifies essential principles for novel writing, making it a significant contribution to the field. *Musako Basti* is a children's novel rooted in social themes. Divided into seven chapters, it revolves around the lives of mice. The novel employs a flowing narrative style with the inclusion of mixed linguistic elements. It conveys meaningful messages such as the importance of harmonious coexistence, the collective acceptance of positive values, and the futility of arrogance and obstinacy, which ultimately lead to regret. It highlights that collective determination and the development of a secure and prosperous mindset contribute to building and developing communities. The novel emphasizes prioritizing collective achievement over individual interests. While the novel strives to embody novelistic attributes, its linguistic usage is influenced by external sources, and the flowing style appears less accessible for children's psychological comprehension. It is crucial to prioritize Nepali language in Nepali novels to nurture cultural values and foster psychological development among children. A simplified narrative style is believed to enhance comprehension and the receptivity of messages among children.

*Keywords*: children's novel, storyline, characters, stylestics, purpose, children's interest.

## विषय परिचय

पृष्ठाधार व्यापक भएको अख्यानात्मक साहित्यिक विधा उपन्यास हो । साहित्यका अन्य विधा मध्ये उपन्यास लोकप्रिय विधा मानिन्छ । मानव जीवनका विविध कारुणिक , मार्मिक पक्षसँग सम्बन्धित भावहरु समेट्दै मूलकथा र उपकथाको संयोजन गर्दै आख्यानात्मक प्रस्तुति उपन्यासमा हुने गर्दछ । निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधि , समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ ( श्रेष्ठ र शर्मा , २०५६ : ९४ ) उपन्यास आफैमा पूर्ण विधा हो । विषयवस्तु , पात्र , परिवेश , सन्देशले बहुआयामिक पनि हुन्छ । जीवन र जगतका बहुलतामा उपन्यास घोत्लिने गर्दछ । दृष्टिकेन्द्र , गति कथानक अनुक्रम मिलेको हुनुपर्छ । कथावस्तुको परिच्छेद , अनुच्छेदमा विभाजन भएपनि शृङखलित रुपमा अघि बढेको हुन्छ । कथावस्तुको आरम्भ , उत्कर्ष र निष्कर्षको संयोजनमा उपन्यासले स्थान लिने गर्दछ । उपन्यासले कुनै खास जीवनदर्शन बोकेर अघि बढेको लामो कथात्मक अभिव्यक्तिबाट समाजका लागि केही न केही नैतिक सन्देश वा जीवनदृष्टि दिइएको हुन्छ । विषयवस्तुका आधारमा सामाजिक , पौराणिक , साँकृतिक , आञ्चलिक , दार्शनिक , राजनीतिक , मनोवैज्ञानिक ,

जासुसी , जीवनीपरक र मिथकीय उपन्यास हुने गर्दछन् । प्रवृत्तिका आधारमा आदर्शन्मुख यथार्थवादी , सामाजिक यथार्थवादी , स्वच्छन्दतावादी , समाजवादी आलोचनात्मक यथार्थवादी , अस्तित्ववादी , मनोविश्लेषणवादी , विसङ्गतिवादी , अतियथार्थवादी , प्रकृतवादी प्रयोगवादी र शिल्पप्रविधिका आधारमा वर्णनात्मक , आत्मकथात्मक , पत्रात्मक , डायरी , चेतनप्रवाह र उद्देश्य कथानकका आधारमा घटनाप्रधान , चरित्रप्रधान , नाटकीय एवम् चित्रात्मक वा मिश्रित हुने गर्दछ । औपन्यासिकता उपन्यास संरचनाका लागि नभइ नहुने तत्व अत्यावश्यक सामग्री हुन् । उपन्यासमा आवश्यक पर्ने तत्वका सम्बन्धमा विद्वाहरुबीच मतमतान्तर देखिन्छ । कथानक , चरित्र , कथोपकथन , शैली , भाषा , वातावरण र उद्देश्य , उपन्यासका सातवटा तत्व छन् ( प्रधान , २०४३ : १० ) । उपन्यासमा कथानक , चरित्र , परिवेश विषयसूत्र , भाषाशैली , उद्देश्य र दृष्टिविन्दु प्रमुख तत्व हुन् ( शर्मा , २०५५ : ३४ ) । उपन्यासमा कथानक , चरित्रचित्रण , पर्यावरण , दृष्टिविन्दु , सारवस्तु , भाषा , प्रतीक र विम्ब , गति र लय हुनुपर्दछ ( बराल र एटम , २०५६ : २१ ) । यसरी उपन्यासका तत्वका सम्बन्धमा विद्वानहरुबीच मतैक्य नभए पनि कथानक , चरित्र , परिवेश , दृष्टिविन्दु , भाषाशैली , कथोपकथन , विम्ब प्रतीक र उद्देश्य अनिवार्य तत्व नै हुन् । यिनै तत्वका आधारमा उपन्यासको संरचनात्मक लेखनी निर्देशित हुने गर्दछ । जीवन र जगतलाई नजिकबाट हेरेर त्यसको भित्रि तहसम्म पुगेर सम्पूर्ण यथार्थ चित्र लिएर अभिव्यक्ति दिने माध्यमका रुपमा उपन्यास आधुनिक साहित्यमा सबैभन्दा सशक्त देखापरेको छ ( प्रधान , २०६१ : १०७ ) । उपन्यास बाबालिकाका लागि पनि रोचक विधा हो । प्रौढहरुका लागि लेखिने र बाबालिकाका लागि लेखिने उपन्यासमा भिन्नता छ । बाल उपन्यास लेख्नका लागि लेखकले संक्षिप्तता , सरलता र रोचकता जस्ता कुरामा ध्यान दिनुपर्दछ भने सरल कथावस्तु , थोरै पात्रपात्रा , रोचक चरित्र र भाषाको प्रवाहमय उद्देश्यमा दृष्टि पुर्‍याउनु पर्छ ( प्रधान , २०६१ : १०७ ) ।

बालबालिकालाई कौतुहलपूर्ण , आकर्षक र रुचिपूर्ण कथावस्तु चयन गरिनु पर्दछ । उपन्यास कै माध्यमबाट विविध ज्ञानोपयोगी विषयवस्तु प्रदान गरिनु पर्दछ । छिट्टै पढ्न सक्ने , सजिलै बुझ्न सक्ने शैली र संरचनामा बालउपन्यास लेखिएको हुनुपर्छ । सामाजिक , ऐतिहासिक , भौगोलिक , वैज्ञानिक , साहसिक र रहस्यमय यसका विषय क्षेत्र हुन् । सामाजिक यथार्थवादी उपन्यासकार कपिल लामिछानेद्वारा लिखित मुसाको बस्ती बालउपन्यासलाई यिनै बाल औपन्यासिकताका आधारमा विश्लेषण गरिएको छ ।

### समस्या

औपन्यासिक आधारबाट मुसाको बस्ती बालउपन्यास कुन कित्तामा रहको छ भन्नु नै मूल समस्यामा केन्द्रित भएर यो अनुसन्धान लेख तयार पारिएको छ । यसका अतिरिक्त मुसाको बस्ती बालउपन्यासमा कस्तो कथावस्तु रहेको छ ? यसका पात्रपात्राको चारित्रिक अवस्था कस्तो छ ? यसमा प्रयुक्त भाषा शैली बाल मनोवैज्ञानिकतामा छ कि छैन ? यस उपन्यासले के कस्तो सन्देश प्रवाहित गर्न खाजेको छ ? र यो उपन्यास बालरुचिपूर्ण छ कि छैन ? भन्ने जिज्ञासा एवम् अनुसन्धानात्मक प्रश्नमा यो लेख आधारित छ ।

### उद्देश्य

मुसाको बस्ती बालउपन्यासमा औपन्यासिकताको खोजी गर्नु यस लेखको मुख्य उद्देश्य हो । मुसाको बस्ती बालउपन्यासको औपन्यासिक आधार विश्लेषण गर्नु , बालउपन्यास लेखनका आधारहरु सुझाउनु यस लेखका विशिष्ट उद्देश्यहरु हुन् ।

### औचित्य/महत्व

औपन्यासिक आधारका सम्बन्धमा , बालउपन्यासका सम्बन्धमा र मुसाको बस्ती बालउपन्यासलाई औपन्यासिक दृष्टिबाट विश्लेषण गरिएकाले यो लेख महत्वपूर्ण छ । उपन्यासका सम्बन्धमा उब्जित प्रश्नहरु , प्रस्तुत समस्याहरु एवम् विश्लेषणको उद्देश्यले यस लेखको स्थान उच्च रहेको छ । उपन्यासको सैद्धान्तिक आधार , औपन्यासिक तत्व अवलम्बन , बालमनोविज्ञान , बालरुचि , बालस्तर , औपन्यासिक प्रभाव जस्ता पक्षले मुसाको बस्ती बालउपन्यास अध्ययन गरिनु आवश्यक छ । प्रौढहरुका लागि उपन्यास साहित्यिक विधाका रुपमा जति प्रिय छ त्यति नै बालकहरुका लागि पनि रुचिको साहित्य बनेको छ । समष्टिगत रुपमा नैतिक , व्यावहारिक ज्ञान , कार्यगत

उर्जा , सामाजिक संस्कारको शिक्षा उपन्यासले प्रदान गर्ने हुनाले मुसाको बस्तीमा वर्तमान अवस्थाको चित्र , बदलिदो परिस्थितिको यथार्थ एवम् समृद्धपनको परिकल्पनालाई औपन्यासिक आधारबाट विश्लेषण गरिनु आवश्यक छ । यिनै पक्षलाई समेटी अनुसन्धानात्मक ढङगबाट मुसाको बस्ती उपन्यासको अध्ययन गरिएकाले अध्ययन आयाममा यस लेखको महत्व उच्च छ ।

**अध्ययनको सीमा**

यो लेख मुसाको बस्ती बालउपन्यासको औपन्यासिकतामा मात्र सीमित रहेको छ । उपन्यासको कथावस्तु , पात्रपात्रा , भाषाशैली , सन्देश र बालरुचिका क्षेत्रमा अध्ययन केन्द्रित छ । औपन्यासिक धरातल र बालऔपन्यासिक आधारका सम्बन्धमा मात्र यो लेख केन्द्रित रहुको छ ।

**पूर्वकार्यको पुनरावलोकन**

उपन्यास अध्ययन विश्लेषणका पूर्ववत कार्यहरुको यथेष्ट अध्ययन गरी औपन्यासिकतामा उपन्यासलाई विश्लेषण गर्ने सैद्धान्तिक आधार र उपन्यासको सर्वाङगिण व्यावहारिक पक्षलाई अध्ययन गर्ने ढाँचा तयार पारिएको छ । प्रौढ उपन्यासहरुको पर्याप्त अध्ययन विश्लेषण भएको छ तर बालउपन्यास न्यून मात्रामा लेखिने र त्यसको पनि अध्ययन विश्लेषण कमै पाइन्छ । यस परिप्रेक्ष्यमा मुसाको बस्ती बालउपन्यासलाई औपन्यासिक आधारबाट अध्ययन गरिएको छ ।

**अध्ययन विधि/प्रक्रिया**

यस अध्ययनमा पुस्तकालयीय विधि प्रयोग गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा औपन्यासिक आधारहरु कथावस्तु , पात्रपात्रा , भाषाशैली , उद्देश्य र बालरुचिलाई छनोट गरिएको छ । वर्णनात्मक र विश्लेषणात्मक आधार यसको व्याख्या विश्लेषण प्रक्रिया हो । उपन्यासको सैद्धान्तिक मान्यता , व्यावहारिक लेखन र प्रभावमय स्वरुप अध्ययन विश्लेषणका सामग्री हुन् ।

**अध्ययनको विश्लेषण**

औपन्यासिकतामा मुसाको बस्ती बालउपन्यासको अध्ययन विश्लेषण कथावस्तु , पात्रपात्रा , प्रयुक्त भाषाशैली , उपन्यासले राखेको उद्देश्य , प्रवाहित गरेको सन्देश एवम् संरचनात्मक बालरुचिमा आधारित भएर अनुसन्धान गरिएको छ । यस बालउपन्यासका लेखक कपिल लामिछाने हुन् ।

**कथावस्तु**

सामाजिक कथावस्तुमा आधारित मुसाको बस्ती बालउपन्यास सात शृङ्खलामा बाडिएको छ । बालबालिकाहरुले कौतुहलपूर्ण आकर्षक कथा रुचाउने हुनाले तदनुरुप कथावस्तु अनिवार्य हुनुपर्दछ (प्रधान , २०६१ : १०७ ) । पहिलो शृङ्खलामा साउनको महिना झरीको अवस्थामा मुसाहरुको बस्ती साँघुरो भएको छ । बस्ती सार्ने र बस्तीको विकास गर्ने चर्चा चल्न थाल्छ । बस्ती सार्ने र नसार्ने यथास्थानमा नै बस्ने बीच ठूलै रुपमा वादविवाद सुरु हुन्छ । मुसाहरुको नेता चुनचुन बस्ती नसार्ने पक्षमा हुन्छ भने छुछु भन्ने मुसाले पानी , बसाइँको साँघुरोपन र रसदपानी ओर्सान दूरी भएकाले अब यो बसाइँ उपयुक्त नभएको तर्क अघि सार्छ । चुनचुन पक्ष र छुछु पक्षको बस्ती सार्ने र नसार्ने बहस सँगै अत्यधिक बहुमतले बस्ती सार्ने र यसका लागि उपयुक्त बस्तीको खोज ीगर्ने प्रस्ताव पारित गर्दछ । यस्तो प्रस्ताव भित्री रुपबाट चुनचुनलाई ठीक लागेको हुँदैन , ऊ मुसाहरुको नेता हो । सबै मुसाहरुले उसलाई मान्ने गर्दथे , उसका नोकर चाकर अरु मुसाहरु थिए । जीवनशैली हैकमी प्रवृत्तिको र सुखमय वातावरणमा वितिरहेको थियो । उसले दुःखको अनुभव गरेको थिएन । यही परिस्थितिमा छुछु लगायत अरु मुसाहरुको दैनिकी दुखदायी , कष्टकर रुपमा चलिरहेको थियो । लगातार परेको झरीले गर्दा बस्ती भित्रको गहिरो भागमा पानि जम्दै गयो ( लामिछाने , २०७१ : ५ ) । जसले गर्दा उनीहरु सुविधायुक्त , फराकिलो , सम्पन्न स्थानमा बस्ती लिनुपर्छ भन्ने मनसायमा थिए । पहिलो श्रृङ्खलाको यही द्वन्द्व बस्तीको खोजीमा टुङगिन जान्छ । उपन्यासको दोस्रो श्रृङ्खलामा बहस सँगै बस्तीमा खाने कुराको अभाव हुनजान्छ । जगेडा रहेको खानेकुरा समेत सकिने अवस्थामा रहेको थियो । यसैबीच ग्यान्टे मुसाले

गाउँको धनाढ्य सुबेदारको अन्नको ड्रम खुल्लै रहेको सूचना गर्छ । सबै मुसाहरु ड्रमको खानेकुराहरु ओसार्ने काममा लाग्छन् । नयाँ बस्ती खाजीको प्रस्ताव पारित भएपनि यस चरणमा आएर पनि कार्यान्वयन गर्ने कुरामा नेता चुनचुन आलटाल गरिरहेकोले चर्काचर्की र भनाभनको स्थिति सिर्जना हुन्छ । तँलाई सबथोक पुगेको छ । के को हतार ? हतार त्यसलाई हुन्छ जसले दुःख खेपेको छ , काललाई नजिकबाट देखेको छ ( लामिछाने , २०७१ : ११ ) । तेस्रो श्रृङ्खलामा मुसाहरुबीच बस्ती बसाउन स्थानको चयन कार्य सुरु हुन्छ । थुप्रै स्थानहरुका बारेमा विगत वर्तमान र भविष्यलाई नियाल्दै गम्भीर मन्थन हुनजान्छ । यसै मध्ये गाउँको बीचमा रहेको बासँघारीमा बस्ती बसाउन उपयुक्त भएको निष्कर्ष सहित पुरानो स्थानबाट बाँसघारीमा बस्ती सार्ने ठोस निर्णयमा मुसाहरु पुग्छन् । बाँसघारीको मुनि सुरुङ खनेर पुग्नुपर्छ र बस्ती बसाल्नुपर्छ ( लामिछाने , २०७१ : १५ ) ।

उपन्यासको चौथो श्रृङ्खलामा चुनचुनले बस्तीको खोजीमा गएका बस्ती सार्ने पक्षका केही मुसाहरुलाई यातना दिइरहेको परिवेश बस्ती खोजेर आउँदा छुछु लगायतका मुसाहरुले देखेपछि चुनचुन र छुछु पक्षबीच ठूलो द्वन्द्व सुरु हुन्छ । नेतागिरी र ठालु प्रवृत्तिको प्रयोग गरेको चुनचुनलाई एक्लो पारेर छुछु पक्षधर लामबद्ध रुपले नयाँ बस्ती बाँसघारीमा जान्छन् । पाँचौ श्रृङ्खलामा छुछु समूहले कडा परिश्रमका साथ नयाँ बस्ती विकास गर्दछन् , जहाँ आधुनिक सुविधा सम्पन्न छ । उपन्यासको छैठौं श्रृङ्खलामा बुढो चुनचुनको खापिनको कुनै टुङ्गो छैन । सानी नातिनी पुन्टीले समेत आफ्नो अडान छोडेर नयाँ बस्तीतिर जाने कुरामा जोड गर्छे । उसका बाबु आमा समेत खाने कुराको खाजीमा निस्केका हुन्छन् । पुन्टीलाई भोक लागेको हुन्छ चुनचुनले आफ्ना सुसारेलाई बोलाउँछ सबै सुसारेहरु नयाँ बस्ती गइसकृका हुन्छन् । उसले मुखले नाम काढेर बोलायो कोही आएन ( लामिछाने , २०७१ : २१ ) । चुनचुनका छोरा बुहारी समेत खाली हात फर्कन्छन् । उनीहरु समेत नयाँ बस्ती जानुपर्छ भन्ने तर्फ समर्थन जनाउन पुग्छन् । चुनचुनको पारिवारिक द्वन्द्व सुरु हुन्छ यसैमा पुन्टी लिएर चुनचुनका छोरा बुहारी समेत छुछु बाँसघारी बस्तीमा जान्छन् । चुनचुन एक्लै पुरानो बस्तीमा रहन्छ । उपन्यासको अन्तिम सातौं श्रृङखलामा बयाँबस्ती बाँसघारी चमकमय हुन्छ । आफ्ना सबै दोष प्राश्चित गर्दै आफ्नो हठ त्याग्दै बुढो मुसो चुनचुन निन्याउरो मुखमा लठ्ठी टेक्दै छुछु बयाँबस्ती बाँसघारी पुग्छ । चौकीदारले प्रवेश दिदैन खबर पठाउँछ छुछुको आगमन हुन्छ । गहभरी आँसु सहित विगतका आफ्ना कमजोरी त्यागी सबैसँग मिलेर नियम अनुसार नयाँ बस्तीमा नै बस्ने अनुमति चुनचुनले माग्छ । खुला हृदयकासाथ यस निर्णयको स्वागत गर्दै छुछुले हामी सबै समान हौं , समान रुपले रहनु पर्छ भन्दै चुनचुनलाई नयाँ बस्तीमा प्रवेश गराउँछ सबै मुसाहरु हाँसी खुसीका साथ विकसित बस्तीमा रमाउँदै जीवनयापन गरेको सुखान्त परिवेशमा उपन्यासको कथावस्तु टुङग्याइएको छ ।

**पात्रपात्रा**

मुसाको बस्ती बालउपन्यासमा प्रमुख पात्र चुनचुन र छुछु नै हुन् । अन्य पात्रपात्राहरु पुन्छटे , सुसी , लुसी , पुन्टी , ग्यान्टे छन् । चुनचुन मुसाहरुको नेता हो । ऊ हैकमवादी , ठालु प्रवृत्तिको , व्यक्तिगत स्वार्थको शैली भएको चरित्र हो । अहिले बसिरहेको बस्तीमा आफूलाई सुखसयल भइराखेकाले ऊ यो बस्ती छोड्न चाँहदैन । छुछु लगायत अन्य मुसाहरु यो बसाइँ दुखदायी छ अन्यत्र फराकिलो बसाइँमा सर्नुपर्छ भन्ने मान्यतामा छन् । यही बसाइँ सर्ने र नसर्नेले विवाद सिर्जनाले सामन्ती सोच , विर्दोही स्वभावको परिदृष्य देखिन्छ । चुनचुन हठी स्वभावको पात्र हो । आफ्नो जिद्धी नछोड्ने नेता ठालु पनि हो । छुछु अनुकुलतामा नेतृत्व गर्ने चरित्र हो । साथीहरु अव त हामी नयाँ बस्ती खोज्ने काममा जुटिहाल्नुपर्छ ( लामिछाने , २०७१ : १० ) । चुनचुन परिवेश अनुसार परिस्थिति सुहाउँदो व्यवहार नजान्ने आडम्बरीपन भएको क्षणिक सोचाइको चरित्र हो । जसले गर्दा उसको नेतृत्व विफल हुँदै गएको छ । छुछु सामूहिक भावनालाई आत्मसात गर्ने , परिवर्तन चाहने स्वभावको चरित्र हो । उसले साँघुरिएर बसेका मुसाहरुको भावना अनुकुल नयाँ बस्तीको खोजी गरी फराकिलो र सम्पन्न सुविधायुक्त बस्तीमा मुसाको खलक बस्ने र मुसाको जीवनशैली परिवर्तन गर्ने अभियानमा लाग्छ । विद्रोही स्वभावको छुछु नेता चुनचुनसँग बस्ती सार्ने विषयमा बारम्बार मुकाबिला गर्दछ । पुन्टे , सुसी , ग्यान्टे जायज कुराको समर्थन गर्ने छुछुका समर्थक भूमिकामा छन् । पुन्टी चुनचुनकी नातिनी हो । बाजेको हठप्रति असन्तोष हुँदै सामूहिक बसाइँ बासघारीमा जानुपर्छ र बस्नुपर्छ भन्ने सरल स्वभावकि छ । यस उपन्यासमा चुनचुन , छुछु , पुन्टे , ग्यान्टे , लपेटे पात्र हुन् भने सुसी , लुसी र पुन्टी पात्रा हुन् । चुनचुन दमनकारी स्वभावको छ भने यसका अतिरिक्त अन्य पात्रपात्राहरु सामूहिक भलाइतिर लाग्ने अन्यायको विरोध गर्ने प्रवृत्तिका छन् । यस उपन्यासमा सत् र असत् , अनुकूल र प्रतिकूल चरित्र एवम् पुरुष र महिला वर्गका चरित्र समावेश गरिएको छ ।

**भाषाशैली**

मुसाको बस्ती बालउपन्यासमा शैली प्रवाहमय छ । यस्तो प्रवाहमय शैलीले बालबालिकालाई यसको सार बुझ्न कठिन हुन्छ । मुसाको बस्तीमा छलफल चलिरह्यो, बस्तीमा अरुपनि धेरै नपुग कुराहरु थिए ( लामिछाने , २०७१ : ६ ) । यस्तो जटिल शैलीले पठनबोधग्राह्य हुँदैन । त्यसैले सरल शैली अपनाउनु बालउपन्यासमा प्रभावकारी मानिन्छ । यस उपन्यासमा नेपाली भाषा कै मात्र प्रयोग गर्दै उपन्यासको संयोजन गरे राम्रो मानिन्थ्यो तर अधिकांश ठाउँमा अंग्रेजी शब्दावलीको प्रयोग बढी गरिएको छ । मम्मी म डुब्छु , भन्दै हुटिङ गरे , मर्निङ वाक ( लामिछाने , २०७१ : ६ , ११ , २३ ) । अन्य भाषा मिश्रित रुपमा प्रयोग हुँदा त्यसको प्रयोगगत प्रभाव बालबालिकामा पर्दछ । शब्द चयन सरल प्रकृतिको छ शैली वेगमय हुनाले बालबोध्यतामा कठिनाइ सिर्जना हुने देखिन्छ । दमले उसको सास ठेलिदै गयो ( लामिछाने , २०७१ : २२ ) । यस उपन्यासमा उखान टुक्काको पनि प्रयोग भएको छ । यसले भाषा रोचक बनेको छ । नौतले घरको झ्याल न ढोका , जति काट्यो उति लामो के हो ? अचानोको चोट खुकुरीले जान्दैन ।

**उद्देश्य**

मुसाको बस्ती बालउपन्यासले सामाजिक , नैतिक र व्यावहारिक सन्देश दिने उद्देश्य लिएको छ । सामाजिक रुपमा जीवनयापन गर्दा सामूहिक समझदारीको आवश्यकता पर्दछ । मुसाहरुको बस्ती साघुँरो भएको , पानिले भिज्न थालेको , बसाइ कष्टकर भएको छ । फराकिलो सुविधायुक्त बस्तीको खोजी आवश्यक ठानेर नेतृत्वलाई सुझाव दिएका छन् तर नेतृत्वले वास्ता नगरी बसाइँ सार्ने कुरालाई नकारेकाले विद्रोह सुरु भएको छ । यसले नेतृत्व गर्ने व्यक्ति सामूहिक भावना र उचित कार्यमा सधैं अग्रसर हुनुपर्छ अन्यथा असफल हुनुपर्दछ । हैकमवादी प्रवृत्ति सधैं चलिरहदैन , चेतनाको विकासले सशक्त विद्रोही शक्ति तयार हुनजान्छ । तैंले गर्दा मेरा बालबच्चा भोकै मर्न लागे ( लामिछाने , २०७१ : ९ ) । यो विद्राहको आवाज हो । आडम्बरी र हठ सफल जीवन र सामाजिकीकरणका बाधक हुन् । जीवन आफ्ना लागि थोरै तर अरुको भलाइमा धेरै प्रयोग हुनुपर्दछ । छुछुले तमाम मुसाका लागि नयाँ बस्तीको योजना ल्याए सहर गल्ती स्वीकार्नेलाई माफ दिनसक्नुपर्छ । त्यो सामाजिक महानता हो भन्ने जस्ता सामाजिक सन्देश यस उपन्यासले बोकेको छ ।

नैतिक सन्देश दिन यो उपन्यास सफल छ । उपन्यासको अन्तरङगमा नैतिक सन्देश पाइन्छ । चुनचुनमा हराउँदै गएको नैतिकता र छुछुमा पलाउँदै गएको नैतिकता यसको ज्वलन्त उदाहरण हुन् । व्यक्तिगत स्वार्थले समूह माथि गरेको अत्याचारले नैतिक पराकाष्टाको पर्दाफास गरेको छ । एकले भन्दा समूहले गर्दा सम्भव सबै कुरा छ । कुनै कुराको थालनीमा अधिक मन्थनको आवश्यकता पर्दछ । मुसाले समेत कति बाँच्न जानेको छ , जमिनको सर्प , विराला र आकाशको काग चीलबाट छलेर आफ्ना दुस्मनबाट सचेततापूर्वक बच्नसक्नु बुद्धिमानी हुन्छ । सहनशीलतार समानुपातिक दृष्टि राख्दा प्रिय हुनसकिन्छ । भोग विलासमा होइन सद्भावमा रहनु पर्दछ भन्ने नैतिक उपदेश यस बालउपन्यासले प्रस्तुत गरेको छ । मुसाहरुले समूहमा मिलेर आफ्नो बस्तीको विकास आधुनिक ढङ्गले गरेभने हामी मानिसले पनि समूहमा एकताबद्ध भएर विकासका लागि जुट्नुपर्दछ भन्ने नैतिक बल यस उपन्यासले दिएको छ ।

शूक्ष्मतम रुपमा व्यावहारिक सन्देश गहकिलो रुपमा यस उपन्यासले प्रवाह गरेको छ । मुसाको बस्तीमा आइपरेको समस्यामा व्यापक छलफल हुनु , निष्कर्षमा बस्ती सार्ने निर्णय र सुविधायुक्त ढङगबाट मुसाहरु बस्ने योजनाले काम गर्दा सामूहिक बलको व्यावहारिक ज्ञान आवश्यक पर्दछ भन्ने नै हो । अनावश्यक जिद्दिले पछि परिन्छ । बहुमतको कदर गर्नुपर्छ । नयाँ बस्ती खोज्नै पर्छ ( लामिछाने , २०७१ : ११ ) । यो आम मुसाहरुको आवाज थियो । परिवर्तित समय अनुसार शील स्वभाव र शैलीमा परिवर्तन ल्याउनु पर्दछ । विद्रोहलाई आत्मसात गर्नुसक्नुपर्छ । मुसाहरुले परिवर्तनमा आफूलाई व्यवहारमा उतारेर जीवनशैली परिवर्तन गरे भने हामी मानवले समूहमा काम गरे हाम्रो जीवनशैली , कार्यशैली अझ सुदृढ हुँदै जाने कुरालाई व्यावहारिक रुपमा उतार्नु पर्छ भन्ने पनि यस उपन्यासले दिएको छ । कार्य थालनी पूर्व यथेष्ट मन्थन गरिनुपर्छ । विगत , वर्तमान र भविष्यलाई कार्यदिशा वनाएर अन्तिम निर्णय गर्नु व्यावहारिक रुपमा सफल हुनु हो । समस्या नै नभएको ठाउँ कतै हुदैन समस्या काम या बेसी हुन्छ - लामिछाने , २०७१ : १५ ) । कार्यगत सफलताका लागि अभ्यासको जरुरत पर्दछ । मुसाहरुले बस्ती सार्ने विषयमा र ठाउँ चयनमा गरेको मन्थन यसको प्रमाण हो । जीवनमा सुख र दुख दुवैमा समायोजित हुनुपर्छ , आतिने रमातिने गर्नु हुँदैन । साउने झरीमा मुसाहरुको दृढता र जीवन संघर्षबाट यस कुराको पुष्टि हुनजान्छ । गलत कुराको विरोध गर्नसक्नुपर्छ । विराध गर्दा अप्ठ्यारो आइपर्छ सामना गर्नसक्नुपर्छ । छुछुले चुनचुनसँग गरेको सामना यसको जिउँदो उदाहरण हो । शक्ति सधैं टिक्दैन , शक्तिको सदुपयोग नभए शक्तिहीन भएर गइन्छ । जसरी चुनचुनले प्राप्त गरेको

शक्ति गुमेर गयो र छुछु कै शरण परेको स्थितिले यस्ता कुरामा व्यावहारिक पक्षबाट हामीले ध्यान दिनु जरुरी हुन्छ । हामी जहाँ बस्छौ मिलेर बस्नुपर्छ । सामूहिक रुपमा रमाएर बस्ने बानीको विकास गर्नुपर्छ भन्ने हीतकारी सन्देश यस उपन्यासले बालबालिकालाई दिएको छ ।

**बालरुचि**

बालरुचिपूर्ण विषयक्षेत्रका आधारबाट उपन्यासको कथावस्तु तयार पारिएको छ । पात्रपात्राहरु सोही अनुरुप चयन गरिएको छ । कथावस्तुको उठान , उत्कर्ष र निष्कर्षको संयोजन गर्न खोजिएको छ तर यसको तालमेल मिलेको छैन । बस्ती सर्ने विषयवस्तुको उठान , बस्ती सराइमा विवाद , बस्ती सरिसकेपछिको अन्त्यले सुरुवातको अवस्था विस्तारित हुन सकेको छैन । मुसाको त्यो बस्ती रमाइलो थियो तर लगातार परेको झरीले गर्दा बस्तीभित्र गहिरो भागमा पानी जम्दै गयो - लामिछाने , २०७१ : ५ ) । यसले आकस्मिक घटनातर्फ डोर्‍याएको छ । मुसाहरुको बसाइको अवस्था , नेता चयनको प्रक्रियाका सम्बन्धमा ध्यान दिएको भए यो उपन्यास अझ रोचक बन्ने थियो । उपन्यास पढ्दा रमाउन पुग्छन् बालबालिकाहरु , चित्र सहितको प्रस्तुतिले अझ आकर्षक बनाएको छ । उपन्यासमा मुसा पात्रका नामले बालबालिकाहरु थप उत्सुक बन्नेछन् । जस्तै : चुनचुन , छुछु , पुन्टे , पुन्टी , सुसी ,लपटे ,ग्यान्टे । परिस्थितिको व्याख्या पनि रुचिपूर्ण छ । छुछुले मादल बजायो , लुसीले तबला बजाइ , सुसीले सबैलाई अविर लगाइदिइ ( लामिछाने , २०७१ : ९ ) । बालरुचि अनुरुप उपन्यासको प्रस्तुति हुन खोजेको छ । कथावस्तु , पात्रपात्रा , भाषाशैली र उद्देश्य समेत बालरुचिमा केन्द्रित गर्न खोजिएको छ । प्रवाहमय शैलीका कारण बालबालिकामा द्रुत बोधको कठिनाइ छ ।

**निष्कर्ष**

कपिल लामिछाने सामाजिक यथार्थवादी बालउपन्यासकार हुन् । उनको मुसाको बस्ती बालउपन्यास सकमाजिक यथार्थवादमा नै आधारित छ । समाज , जीवन परिवर्तनका लागि परम्परागत धारणा , सोच र शैली एवम् आधुनिक धारणा , सोच र शैलीबीच द्वन्द्वात्मक स्थिति रहेको छ । पुरानो , सामन्ती , यथास्थितिवादी प्रवृत्ति सधैँ टिक्दैन । सामाजिकीकरण र सामुदायिक भलाइ उच्च सम्मानित हुन्छ । इर्श्यालु , कुटिल र अहंकारीको हार हुने एवम् सन्तोषी , विकल्पबोधी समभाव हुनेको सधैँ जीत हुने यथार्थ समेत यस उपन्यासमा स्पष्ट पारिएको छ । समूहमा काम गर्नुपर्छ , सामूहिक भावनालाई कदर गर्नुपर्छ ,व्यक्तिगत स्वार्थ लामो समय रहदैन , नेता निरङ्कुसताबाट होइन प्रजातान्त्रिक पद्धतिबाट भइन्छ । परिस्थिति र परिवेश अनुरुप जीवनशैलीमा परिवर्तन ल्याउन सक्नुपर्छ । मुसाहरुको पारिवारिक बृद्धिले भएको असहजता , बसाइमा आएको समस्याले नयाँ बस्तीको सोच जाग्नु यसको आशय हो । नयाँ बस्तीमा पनि आधुनिकता सहित पर्याप्त सुविधायुक्त वातावरण तय गर्नुले विकासवादी सिद्धान्त अवलम्बन गर्नु हो । समूहमा नै ठूला ठूला कामहरु हुन्छन् तर व्यक्ति केन्द्रित भएर हुँदैन बस्ती केन्द्रित हुनुपर्छ । बहुसंख्यकको भावना र चाहनाको कदर गर्नुपर्छ भन्ने आभप्रायमा केन्द्रित यस उपन्यासको कथावस्तु सामाजिक छ र विषयवस्तु बस्ती सराइको छ । पात्रपात्राको उचित संयोजन गरिएको यस उपन्यासमा मिश्रित भाषा प्रयोग र गतिमय शैली रहेको छ । यो जीवन शैलीमा आधारित , बस्ती विकासमा केन्द्रित रोचक सन्देशमूलक बालउपन्यास हो ।

बालउपन्यासका केही आधारभूत कुराहरु छन् जसले गर्दा बालकहरु प्रभावित हुनसकुन् । कथावस्तु रोचक होस् , रहस्यमय होस् र सन्देशमूलक होस् । पात्रपात्राहरु कथावस्तु अनुकुलका विषयवस्तु सुहाउँदा हुनुपर्छ । सोझो भाषा , सरल शैली अपनाइनु पर्छ । सामाजिक , नैतिक र व्यावहारिक शिक्षा प्रदान गर्ने सन्देशमूलक उद्देश्य लिएको औपन्यासिक आधारमा लेखिएको उपन्यास सफल र प्रभावशाली हुन्छ । मुसाको बस्ती उपन्यासमा औपन्यासिक आधारहरु अपनाइएको छ । यसमा प्रयुक्त भाषा शैली सरल र बोधगम्य देखिदैन । यस कुरामा उपन्यासकार विचलित भएका छन् । सोझो भनाइ , छोटा वाक्य , सरल शैली बालरुचिका पठनयोग्य सामग्री हुन्छन् । यसतर्फ उपन्यासकारको ध्यान जानु आवश्यक छ ।

**सन्दर्भ सामग्री**

प्रधान, कृष्णचन्द्रसिंह ( २०४३ ), *नेपाली उपन्यास र उपन्यासकार* , ललितपुर : साझा प्रकाशन ।
प्रधान, प्रमोद ( २०६१ ), *नेपाली बालसाहित्यको इतिहास* , काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।
बराल, कृष्णहरि र एटम, नेत्र ( २०५६ ), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , ललितपुर साझा प्रकाशन ।
बन्धु, चूडामणि ( २०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर ( २०५० ), *नेपाली उपन्यासका आधारहरु* , ललितपुर : साझा प्रकाशन ।
लामिछाने, कपिल ( २०७१ ), *मुसाको बस्ती* , काठमाडौँ : विवेक सिर्जनशील प्रा. लि. ।
शर्मा, तारानाथ ( २०५५ ), *नेपाली साहित्यको इतिहास,* ललितपुर अक्षर प्रकाशन ।
शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद ( २०५२ ), *शोधविधि,* ललितपुर : साझा प्रकाशन ।
श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज ( २०५६ ), *नेपाली साहित्यको संक्षिप्त इतिहास* , ललितपुर : साझा प्रकाशन ।
सुवेदी, राजेन्द्र ( २०५३ ), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* बनारस : भूमिका प्रकाशन ।